Website: piukhotang.pmamp.gov.np
Email: pmamp.piu.khotang1@gmail.com
Phone: 036-420741

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

**सूचना नं.-२**

**सूचना प्रकाशित मितिः २०८३/०५/०३**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१औं दिन अर्थात २०८३/०५/२३ गते कार्यालय समय भित्र कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव कार्यक्रम कार्यान्वयन एकाइ, दिक्तेल, खोटाङ वा जोन/कार्यक्रम प्राविधिक एकाइ, गाईघाट, उदयपुरमा पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | खोटाङ र उदयपुर जिल्ला | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा ५० प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- कार्यक्रम सञ्चालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको आवेदन तथा प्रस्ताव।
- निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
- स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपी, गत आ.व. (२०८२/८३) सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपी, कारोबार सम्बन्धि अन्य कागजातहरु।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धि कागजात (जग्गाधनी प्रमाणपत्र)को प्रतिलिपी वा जग्गा भाडामा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माण तर्फ कम्तिमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपी।
- समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिश पत्र।

**नोटः** *सहयोग तथा सहजीकरण आवश्यक भएमा कार्यक्रम कार्यान्वयन एकाइ, दिक्तेल, खोटाङ वा जोन/कार्यक्रम प्राविधिक एकाइ, गाईघाट, उदयपुर स्थित कार्यालयमा वा कृषि अधिकृत श्री कृष्ण यादव सम्पर्क नं. ९८६१३६०३८१ लाई सम्पर्क गर्न सकिनेछ।*

**कार्यक्रम कार्यान्वयन एकाइ, खोटाङ**

दिपेन्द्र मनोहर चौधरी
वि. वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production, Path to Self-Sufficiency"